प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

जनज्योति साप्ताहिक

Janajyoti Weekly

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष: ४५ ■ अंक : २४ ■ २०८३ असोज १८ गते आइतबार ■ Sunday, 4 Oct. 2026 ■ मूल्य रु. ७।-

नेपाली कांग्रेसका दुई महाधिवेशन उद्घाटन हुँदै

समानान्तर अभ्यासले कहाँ पुऱ्याउँला ?

✎ बिमल लामिछाने

समाचार विश्लेषण

दमक/ नेपाली कांग्रेसको १५औं महाधिवेशन (आज) १८ असोजमा काठमाडौंको टुँडिखेलस्थित खुलामञ्चमा उद्घाटन हुँदैछ ।

यो महाधिवेशनलाई कांग्रेसले नेतृत्व चयनमा मात्र सीमित नराखी पार्टीमा विधि, पद्धति र नयाँ राजनीतिक संकल्प निर्माण गर्ने थलोका रुपमा अघि बढाइने बताएको छ ।

महाधिवेशनको मूल मन्त्र 'नयाँ कांग्रेस, नयाँ संकल्प' तय गरेको छ । तर, यो अवस्थासम्म आउँदा कँग्रेस दुईभागमा पूर्ण रुपले विभाजनमा देखिएको छ । एकातिर सभापति गगन थापा नेतृत्वको कँग्रेस महाधिवेशन उद्घाटन गरिरहेको छ भने अर्कोतिर पूर्व सभापतिसमेत रहेका शेरबहादुर देउवा पक्षले अर्को समानान्तर महाधिवेशनको कसरत गरिरहेका छन् ।

करीब आठ दशक लामो ऐतिहासिक पृष्ठभूमि, नेपालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व तथा मुलुकको एक प्रमुख राजनीतिक शक्तिका रुपमा स्थापित नेपाली कांग्रेस यतिबेला गम्भीर आन्तरिक कलहको चपेटामा परेको छ । यतिबेला मुलत नेपाली कँग्रेस वैचारिक ध्रुवीकरण र सांगठनिक संकटबाट गुज्रिरहेको छ ।

नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनका सन्दर्भमा पार्टीभित्र देखिएको शक्तिसंघर्ष, गुटगत द्वन्द्व र समानान्तर गतिविधिहरूले यस ऐतिहासिक दलको भविष्य र सांगठनिक सुदृढीकरणमाथि गम्भीर प्रश्नचिन्ह खडा गरिदिएको छ । पार्टी एक ढिक्का भएर अगाडि बढ्नुपर्ने बेलामा देखिएको यो विभाजनले कार्यकर्ता पंक्तिलाई मात्र अन्योलमा पारेको छैन, आम जनतामा पनि गलत सन्देश प्रवाह गरेको छ ।

पार्टीभित्र देखिएको तीव्र असन्तुष्टि, वैचारिक असहमति र संवादहीनताका कारण कांग्रेस औपचारिक रुपमा दुई फरक धारमा विभक्त भएको प्रस्ट देखिएको छ । एकातर्फ सभापति गगन थापा लगायतका युवा तथा परिवर्तनकारी नेताहरूको समूह निर्धारित कार्यतालिका र विधिअनुसार केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने तयारीमा होमिएको छ भने अर्कातर्फ निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले छुट्टै १५औं महाधिवेशनको घोषणा गर्दै समानान्तर गतिविधिहरूलाई तीव्र पारेको छ । देउवा पक्षले पार्टीका वरिष्ठ नेता शशांक कोइरालाको संयोजकत्वमा १५औं महाधिवेशन तयारी समिति गठन गरेर देशका विभिन्न वडा तहमा समानान्तर अधिवेशनहरु सञ्चालन गरिरहेको छ । यसरी देशभर समानान्तर अधिवेशन गर्ने दाबी गरिए पनि यसले पार्टीको सुदृढीकरणभन्दा पनि आन्तरिक कलह र अहंकारको लडाईंलाई मात्र सतहमा ल्याएको छ ।

दुई खेमाबीचको अभ्यासमा सबैभन्दा ठूलो विरोधाभाष र बहसको विषय नेतृत्व चयनको प्रक्रिया बनेको छ । गगन थापा पक्षको नेतृत्वमा भएको परिवर्तनकारी अभ्यास अनुसार जुनसुकै तहका नेता तथा पदाधिकारीहरूले पनि अनिवार्य रुपमा वडा तहबाटै प्रतिस्पर्धा गरेर चुनिएर आउनुपर्ने कडा नियम बसालिएको छ, जसले तल्लो तहका जुझारु कार्यकर्तालाई माथिल्लो तहमा पुग्ने सुवर्ण अवसर

बाँकी ४ पेजमा ▸▸

लागूऔषधसहित तीनजना पक्राउ

दमक/ झापाको बिर्तामोडमा लागूऔषधको कारोबार गर्नेसिटी चालकसहित तीनजनालाई पक्राउ गरेको छ ।

बिर्तामोड ४ आनन्दगन्ज टोलबाट इलाका प्रहरी कार्यालय बिर्तामोड र लागूऔषध नियन्त्रण ब्यूरो शाखा काँकरभिट्टाको टोलीले प्र.१-०१-००२ ह ३२७५ नम्बरको सिटी चालक मोरङ कटहरी गाउँपालिका ७ का २२ वर्षीय निजाम मिया, सिटीमा सवार बिर्तामोड ४ आनन्दगन्ज टोल बस्ने ४१ वर्षीया सुगन्धा मण्डल र हल्दिवारी २ पाराखोपी बस्ने ४५ वर्षीया लक्ष्मी दर्जीलाई पक्राउ गरेको हो । उनीहरूको साथबाट प्लास्टिकसहित ९ ग्राम र प्लास्टिकबाहेक ७ ग्राम ७० मिलिग्राम ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ ।

नगदसहित भारतीय पक्राउ

दमक/ प्रतिबन्धित भारतीय चिट्ठा र नगदसहित मेचीनगरमा एकजना पक्राउ परेका छन् । शनिवार मेचीनगर नगरपालिका वडा नं. ६ काँकरभिट्टा बस्ने ४५ वर्षीय गेलु शेर्पाले आफ्नै घरमा प्रतिबन्धित चिट्ठा राखी बिक्री वितरण गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

पूर्वी खण्डमा हालसम्म ५२ प्रतिशत सडक कालोपत्र

दमक/ पूर्वी नेपालको प्रमुख व्यापारिक मार्गलाई अन्तरराष्ट्रिय सडक सञ्जालसँग जोड्ने लक्ष्यसहित निर्माण भइरहेको एसियन हाइवेअन्तर्गत काँकरभिट्टा-लौकही सडकको पूर्वी खण्डमा हालसम्म ५२ प्रतिशत सडक कालोपत्र भएको छ ।

निर्माण सम्झौताको अवधि सकिन करिब चार महिना बाँकी रहँदा आयोजनाले तोकिएको समयभित्र ९० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य छ । आयोजना प्रमुख सुनिलबाबु पन्तका अनुसार दैनिक सातदेखि ८०० मिटर कालोपत्र भइरहेको छ ।

सडक निर्माणको तुलनामा पुलतर्फको प्रगति भने केही कम छ । आयोजना प्रमुख पन्तका अनुसार पुल निर्माणको समग्र प्रगति हाल ३१ प्रतिशत छ । पूर्वी खण्डमा २१ वटा पुल निर्माण भइरहेका छन् भने ३०० मिटरभन्दा लामा निन्दा, बिरिङ र कन्काईमा पुल निर्माण जारी छ ।

बाँकी ४ पेजमा ▸▸

झापामा जेईविरुद्ध ७० प्रतिशतले लगाए खोप

१ लाख ४६ हजार बढी पहुँचबाहिर

दमक/ दमकमा जेईविरुद्ध ३७ हजार ७ सय ३६ जनाले खोप लिएका छन् । झापामा जापानिज इन्से' लाइटिस (जेई) को प्रकोप बढेपछि सञ्चालन गरिएको खोप अभियानमा लक्षित जनसंख्याको ७०.३ प्रतिशतले खोप लगाएका छन् ।

तीन महिनाको अवधिमा जेईका कारण ७ जनाको मृत्यु भएपछि सरकारले जिल्लाका १५ वटै स्थानीय तहमा अभियान सञ्चालन गरेको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार असोज १५ गते अपराह्न ४ बजेसम्म ४ लाख ९३ हजार ३ सय १९ जना लक्षित जनसंख्यामध्ये ३ लाख ४६ हजार ७ सय ७७ जनाले खोप लगाएका छन् । अभियान असोज ५ गतेदेखि १५ गतेसम्म ११ दिन सञ्चालन गरिएको थियो ।

अझै १ लाख ४६ हजार ५ सय ४२ जना लक्षित जनसंख्या खोपको पहुँचमा आउन बाँकी छन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख ब्रिजकुमार दासका अनुसार ३० देखि ६० वर्ष उमेर समूहका करिब १० प्रतिशत मानिस देशबाहिर रहेकाले पनि लक्ष्यअनुसार खोप लगाउन नसकिएको हो । जिल्लामै रहेका तर खोप लगाउन छुटेकालाई स्वास्थ्य संस्थामार्फत पुनः खोप लगाइने उनले बताए ।

स्थानीय तहमध्ये हल्दिबारीमा सबैभन्दा बढी ८१ प्रतिशतले खोप लगाएका छन् । बाह्रदशीमा ७७.५, गौरीगञ्जमा ७६.७, झापा

बाँकी ४ पेजमा ▸▸

पूर्वमा स्क्रब टाइफसको जोखिम

दमक/ पूर्वी नेपालमा स्क्रब टाइफसको संक्रमण बढ्दै गएको छ । कोशी प्रदेशमा सन् २०२६ जनवरीयता एक हजार ६८ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको स्वास्थ्य निर्देशनालय धनकुटाले जनाएको छ ।

कोशी प्रदेशका १४ जिल्लामध्ये सबैभन्दा बढी संखुवासभामा ५१३ जनामा संक्रमण देखिएको छ । त्यस्तै सुनसरीमा ११८, भोजपुरमा ११०, ओखलढुंगामा ९६, धनकुटा र खोटाङमा ४३ र ४३ तथा झापामा ३७ जनामा संक्रमण देखिएको निर्देशनालयले जनाएको छ ।

उपियाँ तथा सूक्ष्म किराको टोकाइबाट यो रोग सर्ने गर्छ । धेरै रोगसँग यसको लक्षण मिल्ने भए पनि सुरुमा ज्वरो आउने, हातखुट्टा दुख्ने, आलस्य बढ्ने र शरीरमा डाबर देखिने । समयमै उपचार नभए बिस्तारै मिर्गौला, फोक्सो र मुटुमा असर पर्नुका साथै श्वासप्रश्वासमा समस्या देखिन सक्छ । उपचार नपाएको अवस्थामा बिरामीको मृत्यु हुनसक्ने जनाइएको छ ।

गर्मी तथा वर्षायाममा रोग सार्ने किरा बढी सक्रिय हुने भएकाले अन्य समयको तुलनामा यस समयमा स्क्रब टाइफसको संक्रमण बढी देखिने गरेको छ ।

रोगलाई प्रकोपका रुपमा फैलिन नदिन पूर्वका १४ वटै जिल्लामा सतर्कता अपनाइएको छ । सन् १९३० को दशकमा जापानमा पहिलोपटक देखिएको स्क्रब टाइफस पछिल्लो एक दशकयता नेपालमा वर्षायाममा निरन्तर देखिँदै आएको छ ।

दसैं अगाडि नै भाषा विधेयक पारित गर्ने तयारी

दमक/ कोशी प्रदेश सरकारले आगामी दसैं अगावै प्रदेशसभाबाट सरकारी कामकाजको भाषा विधेयक पारित गर्ने तयारी गरेको छ ।

विधेयकमा मैथिली र लिम्बू भाषालाई प्रदेशभर कामकाजको भाषा बनाइने र १ प्रतिशतभन्दा बढीले बोल्ने ११ वटा भाषालाई सम्बन्धित पालिकाहरुले आवश्यकताको आधारमा कार्यान्वयन गर्ने सहमति जुटेको छ ।

राष्ट्रिय जनगणना २०७८ र भाषा आयोगको २०७९ को प्रतिवेदन अनुसार कोशी प्रदेशमा नेपाली भाषा ४४.८६%, मैथिली ११.११% र लिम्बू/याक्थुङ ७.३१% वक्ता छन् ।

विराटनगर । कोशी प्रदेश सरकारले चर्चामा रहेको 'कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' आगामी दसैं अगावै प्रदेशसभाबाट पारित गर्ने तयारी गरेको छ । सत्तापक्ष र प्रमुख प्रतिपक्षबिच भाषा आयोगको सिफारिसलाई पूर्ण रुपमा समेटेर अघि बढ्ने समझदारी बनेसँगै यही अधिवेशनबाट विधेयक पारित गर्ने तयारी भएको हो ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गोम्बु शेर्पाका अनुसार नेपाली कांग्रेसको जारी आन्तरिक महाधिवेशन/सम्मेलन सकिएलगत्तै आगामी असोज २४-२५ गतेको पेरिफेरीमा प्रदेशसभाको बैठक बोलाइने छ ।

उक्त बैठकबाट भाषा विधेयक पारित गर्ने तयारी गरिएको छ । यसअघि सरकारले संसदमा टेबुल गरेको उक्त विधेयक छलफलका लागि सामाजिक विकास समितिमा पठाएको थियो ।

समितिका सभापति गयानन्द मण्डलले विधेयक समितिबाट आवश्यक संशोधनसहित पारित भएको बताएका छन् । समितिले पारित गरेको उक्त विधेयकमा मैथिली र लिम्बू भाषालाई प्रदेशभर कामकाजको भाषा बनाउने र बाँकी १ प्रतिशत भन्दा बढीले बोल्ने ११ वटा भाषालाई सम्बन्धित पालिकाहरूले आवश्यकताको आधारमा कार्यान्वयन गर्ने सहमति जुटेको हो ।

मेकाडेमिया नट खेतीमा किसानको आकर्षण

भोजपुर/ बाँदरबाट क्षति कम हुने र बजारमा राम्रो मूल्य पाउने भएपछि जिल्लाका किसान मेकाडेमिया नट खेती (एकप्रकारको दानादार पोषिलो फल) तर्फ आकर्षित हुन थालेका छन् । पछिल्लो समय किसानले यसको व्यावसायिक खेती विस्तार गर्न थालेका हुन् ।

षडानन्द नगरपालिका-१ नेपालेडाँडाका किसान जीवन थापाले विसं २०७६ देखि व्यावसायिक रुपमा मेकाडेमिया नट खेती गर्दै आएका छन् । उनले पोखराबाट बिरुवा ल्याएर आफ्नो क्षेत्रमा करिब दुई हजार बोट मेकाडेमिया नट खेती विस्तार गरेका छन् ।

मेकाडेमिया नटको बोटमा काँडा हुने तथा फलको बोक्रा कडा हुने भएकाले अन्य कृषि उपजको तुलनामा बाँदरबाट कम क्षति हुने थापाको भनाइ छ । बाँदरको प्रकोप रहेका पहाडी क्षेत्रमा यसको खेती गर्दा उत्पादन जोगाउन सहज हुने उनले बताए ।

थापाले गत वर्ष प्रतिकिलो रु दुई हजारका दरले करिब १५० किलोग्राम मेकाडेमिया नट बिक्री गर्नुभएको थियो । मेकाडेमियाको दाना छुट्याएर गुदी मात्र बिक्री गर्दा प्रतिकिलो रु पाँच हजारसम्म मूल्य प्राप्त हुने उनले बताए । आफूले विस्तार गरेको बिरुवाले तीन वर्षदेखि फल दिन थालेको उनले जानकारी दिए ।कृषि प्रविधिकका अनुसार समुद्री

बाँकी ४ पेजमा ▸▸

सम्पादकीय

चाडपर्वमा महँगीको मार

चाडपर्वले देश घेरिएको छ । घर-आँगनमा उत्साह र उमंग छाउनुपर्ने यो समयमा बजार भने सर्वसाधारणका लागि सहज बन्न सकेको छैन । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि, आवश्यक सामानको अभाव, कृत्रिम अभाव सिर्जना गर्ने प्रवृत्ति र कालाबजारीका गुनासाले उपभोक्ताको दैनिकी थप कठिन बन्दै गएको छ । विभिन्न विपत्ति र आर्थिक समस्यासँग जुधिरहेको नेपाली समाजमा बजार भाउको निरन्तर वृद्धिले सर्वसाधारणमाथि थप पीडा थपेको छ । चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तुको माग स्वाभाविक रुपमा बढ्छ । यही अवस्थाको फाइदा उठाउँदै केही व्यवसायीले कृत्रिम अभाव सिर्जना गर्ने, सामान लुकाउने, मौज्दात थुपार्ने र अस्वाभाविक मूल्य बढाउने प्रवृत्ति देखाउने गरेका छन् । यस्ता गतिविधिले बजारको स्वाभाविक आपूर्ति प्रणालीलाई प्रभावित मात्र गर्दैन, उपभोक्ताको अधिकार माथि समेत प्रत्यक्ष प्रहार गर्छ ।

केही दिनअघि खाना पकाउने ग्यासको आपूर्तिमा देखिएको अभाव र बजारमा लागेको लामो लाइनले उपभोक्तामा त्रास र अन्योल सिर्जना गर्‍यो । यस्तो अवस्थामा अभावको वास्तविक कारण के हो भन्ने विषयमा सम्बन्धित निकायले तत्काल स्पष्ट जानकारी दिन आवश्यक हुन्छ । आपूर्ति पर्याप्त हुँदाहुँदै कृत्रिम अभाव सिर्जना गरिएको हो भने त्यस्तो प्रवृत्तिमाथि कडा निगरानी र कारबाही हुनुपर्छ । वास्तविक आपूर्ति समस्या हो भने त्यसको समाधानका लागि राज्यले तत्काल पहल गर्नुपर्छ ।

चामल, दाल, तेल, ग्यास, तरकारीलगायतका वस्तु विलासिताका सामग्री होइनन् । यी नागरिकका आधारभूत आवश्यकता हुन् । यस्ता वस्तुको मूल्यमा हुने सामान्य वृद्धि पनि न्यून आय भएका परिवारका लागि ठूलो बोझ बन्न सक्छ । आम्दानीको स्रोत र आकारमा खासै परिवर्तन नहुने तर दैनिक उपभोगको खर्च निरन्तर बढिरहने अवस्थाले परिवारको आर्थिक सन्तुलन बिगार्छ । चाडपर्वमा थपिने खर्चसँगै अत्यावश्यक वस्तुको मूल्य बढ्दा सर्वसाधारणको पीडा झनै गहिरिन्छ ।

बजारमा मूल्यवृद्धि हुनुका कारण अनेक हुन सक्छन् । उत्पादन लागत बढ्नु, ढुवानी खर्च बढ्नु, आपूर्तिमा समस्या आउनु वा अन्तर्राष्ट्रिय बजारको प्रभाव पर्नु स्वाभाविक कारण हुन सक्छन् । तर यिनै कारणको नाममा कृत्रिम अभाव सिर्जना गर्ने, अस्वाभाविक नाफा कमाउने र उपभोक्तालाई ठगी गर्ने प्रवृत्तिलाई कुनै पनि अवस्थामा स्वीकार गर्न सकिँदैन ।

यस्तो अवस्थामा सरकार र नियामक निकायको भूमिका महत्वपूर्ण हुन्छ । बजार अनुगमनलाई औपचारिकतामा सीमित नराखी नियमित र परिणाममुखी बनाउनुपर्छ । दैनिक उपभोग्य वस्तुको मौज्दात, आपूर्ति र मूल्यको अवस्थाबारे सम्बन्धित निकायले नियमित जानकारी सार्वजनिक गर्नुपर्छ । यसले बजारमा फैलिने अनावश्यक हल्ला र उपभोक्ताको त्रास कम गर्न सहयोग पुर्‍याउँछ ।

स्थानीय तह, प्रशासन, सम्बन्धित आपूर्ति तथा बजार नियमन निकाय, प्रहरी र उपभोक्ता अधिकारसँग सम्बन्धित संस्थाबीच समन्वय गरी संयुक्त अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक छ । मूल्यसूची नराख्ने, कृत्रिम अभाव सिर्जना गर्ने, म्याद गुज्रिएका वा गुणस्तरहीन वस्तु बिक्री गर्ने तथा कालाबजारी गर्ने व्यवसायीमाथि प्रचलित कानुनअनुसार कारबाही हुनुपर्छ ।

तर बजार व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सरकारको मात्र होइन । उपभोक्ताले पनि आफूले खरिद गर्ने वस्तुको मूल्य, गुणस्तर र म्यादबारे सचेत हुन आवश्यक छ । अस्वाभाविक मूल्यवृद्धि वा अन्य अनियमितता देखिएमा सम्बन्धित निकायमा उजुरी गर्ने संस्कार विकास गर्नुपर्छ । उपभोक्ताको गुनासो सुनुवाइ हुने र दोषीमाथि कारबाही हुने विश्वास राज्यले पनि निर्माण गर्नुपर्छ । चाडपर्वको समयमा नागरिकलाई आवश्यक वस्तु सहज र उचित मूल्यमा उपलब्ध गराउनु राज्यको आधारभूत दायित्व हो । बजारमा माग बढेको अवस्थालाई व्यापारीका लागि अनुचित नाफा कमाउने अवसर बन्न दिनु हुँदैन । व्यवसाय गर्नु र नाफा कमाउनु स्वाभाविक भए पनि उपभोक्ताको विवशताको फाइदा उठाएर अस्वाभाविक नाफा कमाउने प्रवृत्ति नियन्त्रण गर्नैपर्छ । चाडपर्व नागरिकका लागि राहत, खुसी र पारिवारिक मिलनको अवसर बन्नुपर्ने हो । तर बजारको महँगी, अभाव र कालाबजारीले यही खुसीलाई बोझमा परिणत गर्न दिनु हुँदैन । त्यसका लागि राज्यका तीनै तहले बजार अनुगमनलाई प्राथमिकतामा राख्दै आपूर्ति सहज, मूल्य पारदर्शी र उपभोक्ता अधिकार सुरक्षित बनाउन प्रभावकारी कदम चाल्नुपर्छ । चाडपर्वमा नागरिकलाई महँगीको मारबाट जोगाउनु केवल बजार व्यवस्थापनको विषय होइन, राज्यको उत्तरदायित्व र सुशासनको समेत परीक्षा हो ।

मानव बेचबिखनको बदलिँदो स्वरूप

डा. विष्णु सापकोटा

पछिल्लो समय झुटा रोजगारीको आश्वासन दिएर विदेश पुर्‍याउने र त्यसपछि अनलाइन ठगीजस्ता गतिविधिमा जबरजस्ती संलग्न गराउने घटनाहरूले नयाँ चुनौती थपेका छन् । यस्तो अवस्थामा जबरजस्ती अपराधजन्य गतिविधिमा संलग्न गराइएको व्यक्तिलाई अपराधीका रूपमा मात्र हेर्ने कि सम्भावित मानव बेचबिखन पीडितका रूपमा पनि पहिचान गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ ।

मानव बेचबिखन मानव सभ्यतामाथिको गम्भीर चुनौती, मानव अधिकारको उल्लङ्घन र मानव गरिमामाथिको आक्रमण हो । मानिसलाई प्रलोभनमा पार्ने, नियन्त्रणमा राख्ने, ओसारपसार गर्ने तथा विभिन्न प्रकारका शोषणमा लगाउने कार्य यस अपराधसँग सम्बन्धित छन् । विज्ञान र प्रविधिको तीव्र विकासका बाबजुद २१औँ शताब्दीमा पनि मानव बेचबिखन विश्वव्यापी चुनौतीका रूपमा कायम छ ।

नेपालमा पनि मानव बेचबिखनको स्वरूप समयसँगै परिवर्तन हुँदै गएको छ । कुनै समय महिला तथा बालबालिकालाई सीमापार लैजाने र यौन शोषण वा घरेलु श्रममा लगाउने विषयका रूपमा बढी बुझिने यो अपराध अहिले डिजिटल प्रविधि, सामाजिक सञ्जाल, अनलाइन रोजगारीका विज्ञापन, मेसेजिङ एप र अन्तर्राष्ट्रिय आपराधिक सञ्जालसँग जोडिँदै गएको छ ।

त्यसैले मानव बेचबिखनलाई पुरानै दृष्टिकोणबाट मात्र बुझेर पुग्दैन । प्रविधिको विस्तार, वैदेशिक रोजगारीको आकर्षण, आर्थिक असुरक्षा, असुरक्षित बसाइँसराइ, जलवायु परिवर्तन र प्राकृतिक विपद्ले सिर्जना गरेका नयाँ जोखिमलाई पनि गम्भीर रूपमा बुझ्न आवश्यक छ ।

डिजिटल जालोको बढ्दो जोखिम

मानव बेचबिखनलाई केवल मानिसलाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्यका रूपमा बुझ्नु पर्याप्त हुँदैन । आर्थिक, सामाजिक तथा व्यक्तिगत कमजोरीको फाइदा उठाउँदै व्यक्तिलाई नियन्त्रण र शोषणमा पार्ने जटिल प्रक्रिया पनि यसको हिस्सा हो ।

पहिले दलाल र बिचौलियाले गाउँघरमा पुगेर रोजगारीको प्रलोभन दिने वा विश्वासमा पार्ने गर्थे । अहिले अपराधीहरूका लागि सामाजिक सञ्जाल र डिजिटल माध्यम नयाँ साधन बनेका छन् । फेसबुक, टिकटक, ह्वाट्सएप, इन्स्टाग्राम तथा अनलाइन रोजगार प्लेटफर्ममार्फत आकर्षक रोजगारीको प्रस्ताव गरेर व्यक्तिलाई जोखिममा पार्न सकिन्छ ।

आकर्षक तलब, कम मेहनत, अनुभव आवश्यक नपर्ने, निःशुल्क बसोबास वा छिटो विदेश पठाउनेजस्ता विज्ञापनले बेरोजगार युवालाई सहजै आकर्षित गर्न सक्छन् । नक्कली कम्पनी, झुटा कर्मचारी परिचय, नक्कली सम्झौता र प्रशंसापत्र प्रयोग गरेर विश्वास दिलाउने प्रयास पनि हुन सक्छ । प्रत्यक्ष भेटघाटबिना डिजिटल सम्पर्क हुने भएकाले व्यक्ति वा कम्पनीको वास्तविकता पहिचान गर्न थप कठिन हुन्छ ।

कतिपय अवस्थामा अपराधीले लामो समयसम्म अनलाइन कुराकानी गरेर विश्वासको सम्बन्ध निर्माण गर्छन् । सामान्य रोजगारीको प्रस्तावबाट सुरू भएको सम्पर्क पछि आर्थिक प्रलोभन, दबाब वा नियन्त्रणको अवस्थामा पुग्न सक्छ । यसले डिजिटल माध्यमलाई मानव बेचबिखन र शोषणको सम्भावित प्रवेशद्वार बनाएको छ ।

वैदेशिक रोजगारी र जबरजस्ती श्रम

नेपालमा वैदेशिक रोजगारी धेरै युवाका लागि आयआर्जनको महत्त्वपूर्ण माध्यम बनेको छ । तर यही सपना र बाध्यताको दुरूपयोग गरेर मानव बेचबिखन वा श्रम शोषण हुन सक्छ ।

'महिनामा धेरै कमाइ', 'अनुभव आवश्यक छैन', 'भिसा कम्पनीले मिलाउँछ' वा 'छिटो विदेश पठाइन्छ' जस्ता विज्ञापन आकर्षक भए पनि ती रोजगारी सुरक्षित र कानुनी छन् भन्ने सुनिश्चित हुँदैन । विदेश पुगेपछि राहदानी वा कागजात खोस्ने, आवतजावतमा रोक लगाउने, मोबाइल प्रयोग नियन्त्रण गर्ने, धम्की दिने वा इच्छाविपरीत काममा लगाउने जोखिम रहन्छ ।

मानव`चबिखन यौन शोषणमा मात्र सीमित छैन । जबरजस्ती श्रम, श्रम शोषण तथा विभिन्न प्रकारका नियन्त्रण र बाध्यतासँग पनि यसको प्रत्यक्ष सम्बन्ध हुन सक्छ ।

अझ पछिल्लो समय झुटा रोजगारीको आश्वासन दिएर विदेश पुर्‍याउने र त्यसपछि अनलाइन ठगीजस्ता गतिविधिमा जबरजस्ती संलग्न गराउने घटनाहरूले नयाँ चुनौती थपेका छन् । यस्तो अवस्थामा जबरजस्ती अपराधजन्य गतिविधिमा संलग्न गराइएको व्यक्तिलाई अपराधीका रूपमा मात्र हेर्ने कि सम्भावित मानव बेचबिखन पीडितका रूपमा पनि पहिचान गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । राहदानी खोसिएको, हिंसा वा धम्की दिइएको र इच्छाविपरीत काम गर्न बाध्य पारिएको अवस्थालाई पीडितकेन्द्रित दृष्टिकोणबाट हेर्न आवश्यक छ ।

सुरक्षित आप्रवासन आवश्यक

मानव बेचबिखनको जोखिमलाई वैदेशिक रोजगारी र श्रम आप्रवासनबाट अलग गरेर हेर्न सकिँदैन । विदेश जानुअघि रोजगारदाता, कामको प्रकृति, तलब, श्रम सम्झौता, भिसा तथा कानुनी प्रक्रियाबारे सही जानकारी लिनुपर्छ । साथी, आफन्त वा चिनजानका व्यक्तिबाट आएको प्रस्ताव भएकै कारण त्यो सुरक्षित हुन्छ भन्ने हुँदैन ।

त्यसैले सुरक्षित आप्रवासनसम्बन्धी शिक्षा र परामर्श समुदायस्तरसम्म विस्तार गर्न आवश्यक छ । विशेषगरी युवालाई विदेश जानुअघि कानुनी प्रक्रिया, रोजगारीको वास्तविकता र सम्भावित जोखिमबारे जानकारी दिनुपर्छ ।

विपद् र बेचबिखनको जोखिम

जलवायु परिवर्तन तथा प्राकृतिक विपद्ले पनि मानव बेचबिखनको जोखिम अप्रत्यक्ष रूपमा बढाउन सक्छ । बाढी, पहिरो, खडेरी, अनियमित वर्षा तथा कृषि उत्पादनमा गिरावटले परिवारको आयस्रोतमा असर पार्छ । घरबार वा रोजगारी गुमाएका मानिस नयाँ अवसरको खोजीमा सहर वा विदेशतर्फ जान सक्छन् । पर्याप्त सूचना, स्रोत र कानुनी पहुँचको अभावमा यस्तो बसाइँसराइ असुरक्षित बन्न सक्छ ।

विशेषगरी विपद्बाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर परिवारलाई विशेष संरक्षण आवश्यक हुन्छ । जलवायु परिवर्तनलाई मानव बेचबिखनको प्रत्यक्ष कारणभन्दा पनि गरिबी, विस्थापन, बेरोजगारी र आर्थिक असुरक्षा बढाउने कारकका रूपमा बुझ्नुपर्छ ।

उद्धारपछि पनि जिम्मेवारी

मानव बेचबिखनबाट प्रभावित व्यक्तिको उद्धार महत्त्वपूर्ण छ, तर उद्धारपछि पुनःस्थापना अझ महत्वपूर्ण हुन्छ । सुरक्षित आवास, स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, कानुनी सहायता, शिक्षा, सीप विकास तथा रोजगारीका अवसर उपलब्ध गराउनुपर्छ । उद्धारपछि व्यक्तिलाई एक्लै छोड्दा पुनःशोषण वा पुनःबेचबिखनको जोखिम बढ्न सक्छ ।

पीडित तथा उत्तरजीवीलाई केवल सहानुभूतिको पात्र होइन, अधिकार र सम्मान भएका व्यक्तिका रूपमा हेर्नुपर्छ । उनीहरूको आवश्यकता र भविष्यको चाहनालाई केन्द्रमा राखेर सेवा तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

अबको बाटो

मानव बेचबिखन नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय बलियो बनाउनुपर्छ । विद्यालयदेखि नै सुरक्षित आप्रवासन, डिजिटल सुरक्षा र मानव बेचबिखनसम्बन्धी शिक्षा विस्तार गर्न आवश्यक छ । युवालाई नक्कली रोजगारीका विज्ञापन र अनलाइन ठगी पहिचान गर्न सक्षम बनाउनुपर्छ ।

डिजिटल माध्यमबाट हुने अपराध नियन्त्रणका लागि साइबर अनुसन्धान र प्रविधिसम्बन्धी क्षमता बढाउनुपर्छ । जोखिममा रहेका परिवारलाई सामाजिक सुरक्षा, सीप विकास र दिगो जीविकोपार्जनका अवसर उपलब्ध गराउनुपर्छ । सीमापार अपराधको स्वरूपलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय सूचना आदानप्रदान र सहकार्य पनि आवश्यक छ ।

मानव बेचबिखनविरूद्धको संघर्ष कानुनी कारबाहीमा मात्र सीमित हुनु हुँदैन । रोकथाम, संरक्षण, न्याय, पुनःस्थापना र सामाजिक पुनःएकीकरणलाई समान प्राथमिकता दिनुपर्छ ।

आज मानव बेचबिखन परम्परागत दलाल र सीमापार ओसारपसारको दायरामा मात्र सीमित छैन । सामाजिक सञ्जाल, झुटा रोजगारीका विज्ञापन, डिजिटल सम्पर्क र अन्तर्राष्ट्रिय आपराधिक सञ्जालले यसको स्वरूप थप जटिल बनाएका छन् । आर्थिक असुरक्षा, असुरक्षित आप्रवासन, प्राकृतिक विपद् र जलवायुजन्य जोखिमले कमजोर मानिसलाई थप जोखिममा पार्न सक्छ ।

त्यसैले मानव बेचबिखनविरूद्धको अभियान सबैको साझा जिम्मेवारी हो । राज्य, स्थानीय तह, परिवार, विद्यालय, समुदाय, सञ्चारमाध्यम, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य बलियो बनाउनुपर्छ । मानव बेचबिखनको बदलिँदो स्वरूप बुझ्दै डिजिटल जोखिमप्रति सचेत बन्ने, सुरक्षित आप्रवासन प्रवर्द्धन गर्ने र पीडित तथा उत्तरजीवीको अधिकार तथा गरिमालाई केन्द्रमा राख्ने प्रतिबद्धता आजको आवश्यकता हो । राजधानी

(लेखक मानव बेचबिखनविरूद्ध विषयविज्ञका रूपमा कार्यरत छन् ।)

ऋण उठाउँदा धम्की दिन नपाईने

दमक/ सहकारी व्यवस्थापक क्लब झापाले ऋण असुलीको क्रममा ऋणीलाई धम्की दिने कार्य नगर्न सहकारीका कर्मचारीहरुलाई अनुरोध गरेको छ । क्बलका अध्यक्ष तिलक बहादुर कार्की र महासचिव पर्वत राज चिमरियाले एक विज्ञप्ती निकाल्दै यस्तो अनुरोध गरेका हुन् ।

सहकारी संस्थाहरुले उठाउनुपर्ने ऋण उठाउन ताकेता गरेपनि त्यसक्रममा घर घरमा पुगेर अनावश्यक धाक धम्की, दुर्व्यवहार, अपमान गर्ने गरेका खबरहरु सार्वजनिक भइरहेका बेला यस्तो विज्ञप्ती आएको हो । सहकारी व्यवस्थापक क्लब झापाले सोही विषयलाई मध्यनजर गर्दै ऋणीलाई त्यस्तो व्यहार नगर्न आवद्ध व्यवस्थापक तथा कर्मचारीहरुलाई अनुरोध गरेको हो ।

पछिल्लो समय सहकारीको सम्पत्ति अपचलन भएका, सहकारी संस्थाहरुले शेयर सदस्यहरुको बचत रकम हिनामिना गरेर भागेका, कतिपय सहकारी संस्थाहरु अति महत्वकांक्षाको जालोमा परेर बन्द भएका तथा कतिपय सहकारी संस्थाको संचालक र तिनका परिवारका नाममा अकूत ऋण निकाली अनियमितता, अपचलन र भ्रष्टाचार गरेको घटनाले गर्दा सरकारले पनि कडाइ गर्न थालेको छ । नियमित संचालनमा रहेका सहकारी संस्थाहरुको व्यवस्थापन चुस्त दुरुस्त र सही प्रकृतिको होस् भनेर व्यवस्थापक क्लबले पनि सहकारीको कर्मचारीहरुलाई सचेत गराएको भन्ने ढंगले अहिले जारी भएको

विज्ञप्तीलाई बुझिएको छ ।

साथै ऋण असुली गर्नका लागि फिल्डमा जाने कर्मचारीहरुको सुरक्षामा गम्भीर खतरा आएको भन्ने कतिपय सार्वजनिक भएको सूचना र अवस्थाका बारेमा पनि सहकारी व्यवस्थापक क्लब गम्भीर र संवेदनशील रहेको सो विज्ञप्तीमा उल्लेख छ । विज्ञप्तीमा ऋणीसँग जाँदा सम्मानजनक, शिष्ट र सकारात्मक व्यवहार गर्न पनि कर्मचारीहरुलाई भनिएको छ । ऋण असुलीको प्रकृया नियमित, स्वाभाविक र वित्तीय व्यवहार भएकाले यसक्रममा अवाञ्छीत र दबाबको व्यवहार नगर्न पनि अनुरोध गरिएको छ ।

केही समय यता ऋणी र सहकारीका कर्मचारीहरुबीचमा ऋण असुली गर्ने शिलशिलामा खटपट, झम्टाझम्टी तथा कतिपय अवस्थामा द्वन्द्व समेत सृजना हुने गरेका खबरहरु सार्वजनिक भएपछि अब त्यस्तो अवस्था उत्पन्न हुन नदिइ संवाद, सहजता र मेलमिलापको दिशा तर्फ जानुपर्ने भनेर विज्ञप्तीमा उल्लेख गरिएको छ ।

उर्लाबारीमा आगोले जलेका नागरिकको विशष कोषमार्फत निःशुल्क उपचार गर्ने उर्लाबारी । उर्लाबारीका स्थायी बासिन्दा तथा कर्मचारीहरुका लागि जलन सम्बन्धी दुर्घटनाको उपचार सहज बनाउन उर्लाबारी नगरपालिका र काठमाडौँको जनस्वास्थ्य सरोकार ट्रष्ट नेपाल, कीर्तिपुर अस्पतालबीच एक महत्त्वपूर्ण द्विपक्षीय सम्झौता भएको छ ।

नगरपालिकाका तर्फबाट नगरप्रमुख गंगाप्रसाद खरेल र कीर्तिपुर अस्पतालका तर्फबाट निर्देशक डा. किरणकिशोर नकर्मीले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार उर्लाबारी नगरपालिकाले कीर्तिपुर अस्पतालमा १० लाख रुपैयाँको 'उर्लाबारी जलन उपचार कोष' खडा गर्नेछ । कीर्तिपुर अस्पतालमा भर्ना भई जलनको उपचार गराउने नगरबासीहरुको उपचार खर्च अस्पतालको निर्दिष्ट सेवा शुल्कका आधारमा यही कोषमार्फत सोधभर्ना गरिने व्यवस्था मिलाइएको छ ।

उक्त सुविधा उर्लाबारीका स्थायी बासिन्दा, नगरपालिकाका कर्मचारी र तिनका परिवारले पाउनेछन् भने नगरभित्रका अनौपचारिक क्षेत्रका श्रमीक, हिंसा पीडित, एकल महिला, र विपन्न वर्गलाई पनि नगरपालिकाको विशेष सिफारिसका आधारमा यो सेवा उपलब्ध गराइनेछ ।

कोषमार्फत उपचार सुविधा लिनका लागि बिरामीहरुले उर्लाबारी नगरपालिकाको सिफारिस वा स्थायी बासिन्दा प्रमाणित हुने कागजात, अस्पतालको डिस्चार्ज पेपर, अन्तिम बिल भर्पाई, र औषधिको सक्कल बिलहरु पेश गर्नुपर्नेछ ।

उपचारका अतिरिक्त दुवै पक्षको समन्वयमा जलन सम्बन्धी दुर्घटनाहरु हुन नदिन र दुर्घटना भइहालेमा तुरुन्तै गरिने प्राथमिक उपचारका बारेमा जनचेतनामूलक तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु समेत सञ्चालन गरिने सम्झौतामा उल्लेख छ ।

सो सम्झौता ३ वर्षको अवधिका लागि लागू हुने भनिएको छ । सम्झौता कार्यमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता साक्षीका रुपमा रहेका थिए ।

द्विपक्षीय हस्ताक्षर कार्यक्रममा उर्लाबारी उद्योग वाणिज्य संघका अध्यक्ष तारामान सिरेङ लिम्बू, नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरेश खड्का, जनस्वास्थ्य अधिकृत रेणुकाप्रसाद काफ्लेलगायतको उपस्थिति रहेको थियो ।

जेन-जी घाइते तथा सहिद परिवारको जिल्लागत प्रोफाइल तयार गरिँदै

दमक । जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई सरकारले घोषणा गरेको राहत तथा सामाजिक संरक्षण प्याकेजसँग जोड्न जिल्ला प्रशासन कार्यालय झापाले सहिद परिवार र घाइतेहरूको जिल्लागत प्रोफाइल तयार गर्न थालेको छ । झापामा हालसम्म २ सहिद परिवार र ४० घाइते सम्पर्कमा आएका छन् ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०८३ असार १८ गते स्वीकृत 'जेन(जी (न्भल(श) आन्दोलनका सहिद परिवार तथा घाइतेहरूको लागि पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षण सम्बन्धी एकीकृत प्याकेज' मा समावेश २४ वटा बुँदालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रोफाइल तयार गर्न लागिएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । कार्यालयका अनुसार झापामा हालसम्म २ जना सहिद परिवार र ४० जना घाइते सम्पर्कमा आएका छन् । तीमध्ये ३७ जनाले घाइते परिचयपत्र प्राप्त गरिसकेका छन् भने २८ जना घाइतेको अवस्था वर्गीकरणसमेत भइसकेको छ ।

घाइते तथा सहिद परिवारलाई सरकारले घोषणा गरेको निःशुल्क स्वास्थ्य उपचार, निःशुल्क शिक्षा, रोजगारीलगायतका सुविधा वास्तविक आवश्यकता र मागसँग जोड्न प्रोफाइललाई महत्वपूर्ण सूचना स्रोतका रूपमा प्रयोग गरिने कार्यालयले जनाएको छ ।

अनलाइन फारममार्फत तयार गरिने प्रोफाइलमा मुख्यतः व्यक्तिगत विवरण, घटनासम्बन्धी विवरण, आर्थिक तथा सामाजिक अवस्था र सरकारसँगको अपेक्षा गरी चार क्षेत्रका सूचना समेटिनेछन् । सम्बन्धित सहिद परिवार तथा घाइतेलाई आफ्ना विवरण अद्यावधिक गर्नसमेत आग्रह गरिएको छ ।

प्रोफाइल तयार भएपछि सहिद परिवार तथा घाइतेहरूको वास्तविक अवस्था र अपेक्षालाई सरकारको एकीकृत राहत प्याकेजसँग प्रत्यक्ष रूपमा जोड्न तथा विभिन्न सरकारी निकायबीचको समन्वय प्रभावकारी बनाउन सहयोग पुग्ने जिल्ला प्रशासन कार्यालयको विश्वास छ । यसैबीच, हालसम्म जिल्ला प्रशासन कार्यालयको सम्पर्कमा नआएका न्भल(श आन्दोलनका घाइतेहरूलाई आवश्यक समन्वय तथा सहजीकरणका लागि यथाशीघ्र कार्यालयमा सम्पर्क गर्न आग्रह गरिएको छ ।

साँगुरीगढीमा प्यान दर्ता र वितरण सेवा सुरु

धनकुटा/ साँगुरीगढी गाउँपालिकाले व्यक्तिगत तथा व्यवसायका लागि आवश्यक पर्ने स्थायी लेखा नम्बर (प्यान) दर्ता तथा वितरण सेवा सुरु गरेको छ। गाउँपालिका अध्यक्ष जितेन्द्र रुम्दाली राईले वडा नं. ६ बेल्बोटेस्थित सुब्बा ग्यारेजका सञ्चालक विवेक इवाहाङलाई प्यान हस्तान्तरण गर्दै सेवाको शुभारम्भ गरेका हुन् ।

पालिकामार्फत प्यान वितरण सुरु भएपछि करसम्बन्धी सेवा लिनका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हटेको छ। यसअघि प्यान दर्ताका लागि सेवाग्राहीहरू धनकुटा सदरमुकाम जानुपर्ने बाध्यता थियो ।

पालिकाको ग्रामीण र भौगोलिक विकटता भएका क्षेत्रका नागरिकहरूलाई करसम्बन्धी सेवा लिन जान धेरै समस्या थियो। पालिकाबाट नै प्यान दर्ता र वितरण सुरु भएपछि अतिरिक्त समय र खर्च गर्नुपर्ने बाध्यता हटेको छ। प्यान मात्र लिनुपर्दा पनि वडाको सिफारिसलगायतका आवश्यक कागजात जुटाउनु पर्दा २(३ दिनको समय लाग्थ्यो। तर, अहिले पालिकाबाट सेवा सुरु भएपछि खर्च र समय दुवैको बचत भएको छ।

पूर्वीनेपालकै चर्चित भेडेटार रहेको साँगुरीगढी गाउँपालिकामा पर्यटनसँगै होटेल तथा रेस्टुरेन्ट, यातायात, खुद्रा व्यापार, कृषि क्षेत्रका साना तथा मझौला व्यवसायहरू सञ्चालनमा छन् । पालिकाबाट नै प्यानसम्बन्धी कार्य हुने भएपछि व्यवसायीसँगै आमनागरिक पनि खुसी भएका छन् ।

कविता

सीताजी र लवकुशको बर्णन

◆ शान्तप्रसाद भट्टराई



यस्तो पढेर सुन-पत्र रिझाई धेर
लागे ती सोध्न लव वीर त्यही डटेर ।
कुन वीर हो सवल क्षेत्रिय राम भन्ने
शुध्न भाई जसको छ कहाँ र मेटने ॥

गर्दैछ शेखी यसरी किन त्यो पढेर
त्सको घमण्ड सब चुर हुनेछ हेर ।
कमै शक्ति शौर्य छ भने छाड्यो कराउन
नाही त पाउँ कुशका खुशीले समाउन ॥

घोडा म दिन्न सबको अभियान नतोडि
गिर्नन् अवश्य रणामा बुझ कवै नछोडि ।
फूर्ति जनाई यसरी लिई अरूलाई
बाँधि दिए वर लगि मनमा रमाई ॥

तिनका सखाहरू थिए ऋषि पुत्र जो जो
तिनले भने हित् कुरा भनि सत्य जो हो ।
हो अस्त्र राम प्रभुको किन यो समायौ
आपत्तिलाई तिमीले किन व्यर्थ डाक्यौ ॥

हो रयामकार्य हर्‍यो रघुनाथजीको
देउ बुझाई भने हित कुरा जब यो बुझाई ।
तिनले बुझाई भने हित कुरा जब यो बुझाई
लगे ती भन्न लवजी सुनिदेउ जाई ॥

हे वीर क्षेत्रिय कुमार भनेर जान
सन्तानको भय म मान्दिन केही मान ।
थाहै नपार्यकन क्षेत्रिय धर्म के हो
बोल्छौं अनाहक कुरा नबुझेर जो हो ॥

हो मात नै पिय ती ब्राम्हाणको त्यसैले
जाउ र खाउ घरमा बसि भात पहिलो ।
इच्छा भए यही बसेर लडाई हेर
नाही त जाउँ कुटिमा नगरी अबेर ॥

यसता कुरा लवजीको जब सुन्न पाए
कोही नबोलि ऋषिपत्र सबै डराए ।
जो अरू रक्षक थिए सब वीर धिर
लागे नि खोज्न हामीलाई बनि अधिर ॥

देखेर अरू नगिचौ लव वीरलाई
सोधि लिए शिशु भनी बहुतै रमाई ।
के बाबु ! अरू किन पक्रिएछ कसले
बाँधी लिएछ किन थाहा नपाई उसले ॥

यस्ता कुरो जब सुने लव झोंक्किएर
हेला नगर्नुस सहसा शिशु जानी पैले ।
मैले पढे सब कुरा हम पक्रिएर
हेरे पराक्रम ठूलो छ भनी सबैले ॥

- दमक-५, झापा

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

अलाउद्दिन खाँ



◆ सुमित्रा सिंह

भारत : शास्त्रीय संगीतका महान् साधक
जन्म : सन् १८६५ मृत्यु: सन् १९७२

उस्ताज अलाउद्दिन खाँको भारतका शास्त्रीय संगीतज्ञहरूमा निकै महत्त्वपूर्ण स्थान छ । बाल्यकालदेखि नै संगीततर्फ उनको झुकाव थियो। नानू गोपाल, नन्दलाल एवं वजीरखाँले उनलाई संगीतमा पारंगत बनाए। मेहरका राजा संगीतप्रेमी थिए। उनले उनलाई आफ्नो गुरु बनाए । १९ अक्टोबर, १९५८ मा उनलाई पहिले 'पद्मभूषण' र १९७१ मा 'पद्मविभूषण' बाट सम्मानित गरियो । प्रख्यात नर्तक उदयशंकरको साथमा विदेशमा उनलाई निकै ख्याति मिल्यो । उनले अनवरत संगीत-साधनाको र जीवनको १०० वर्ष संगीतलाई चढाए । उनको स्मृतिमा अहिले प्रतिवर्ष अखिल भारतीय संगीत समारोह आयोजित गरिन्छ ।

अलाउद्दिनको जन्म शिपुर (त्रिपुरा) को एक साधारण परिवारमा भएको थियो । बाल्यकालदेखि नै संगीतमा उनको रूचि थियो। त्यसैले उनले आठ वर्षको उमेरमा घर छोडिदिए। ठाउँ-ठाउँमा कष्ट उठाएर पनि उनी आफ्नो संगीत-साधनामा जुटिरहे, बिस्तारै-बिस्तारै उनको प्रतिभा निखारिँदै गयो । केही समय उनले एक नाटक कम्पनीमा पनि काम गरे । ६ सेप्टेम्बर, १९७२ मा उनको मृत्यु भयो । उनकी पत्नीको नाम मदीना बेगम थियो ।

आफ्नो उमेरको १०० वर्ष पूर्ण गर्ने समयसम्म उस्ताद अलाउद्दिन खाँ संगीतमा नै रमिरहे । उनले संगीतको जुन सेवा गरे, त्यसलाई सदा स्मरण गरिनेछ । उनको जीवनबाट स्पष्ट हुन्छ कि जुन व्यक्ति एकनिष्ठ भएर कुनै कार्यमा लाग्छ, त्यो उन्नतिको शिखरमा अवश्य पुग्दछ ।

मनोरञ्जन

'जिरो डिग्री' माघ १५ देखि प्रदर्शनमा



दमक / डार्क कमेडी चलचित्र 'जिरो डिग्री' आगामी माघ १५ गते (जनवरी २९, २०२७) देखि प्रदर्शनमा आउने भएको छ। निर्माण संस्था मेघौली फिल्म्सले मंगलबार चलचित्रको फस्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो ।

सार्वजनिक पोस्टरमा अभिनेता विजय बराललाई चलचित्रका पात्र 'पुन्य चौलागाईं'को फरक अवतारमा प्रस्तुत गरिएको छ। ढाका टोपी, बाक्लो जुँगा, चस्मा र परम्परागत पहिरनमा घोडामाथि सवार बरालको अगाडि(पछाडि दुईवटा पंखा बोकेर हिँडिरहेको दृश्यले पोस्टरलाई व्यंग्यात्मक तथा कौतूहलपूर्ण बनाएको छ।

चलचित्रको कथा सडक सञ्जाल राम्रोसँग नपुगेको विकट गाउँमा आमाबुवाको निधन भएपछि विदेशमा रहेका सन्तान नफर्किन्जेल शव सुरक्षित राख्न 'डीप फ्रिज' बोकेर गाउँ उक्लिँदा उत्पन्न हुने परिस्थितिको वरिपरि केन्द्रित छ।

सजन काफ्ले र आकाश बरालले कथा तथा पटकथा तयार पारेको चलचित्रको निर्देशन पनि उनीहरू दुवैले संयुक्त रूपमा गरेका छन् ।

चलचित्रमा विजय बराल, सनिशा भट्टराई, राजन भुसाल, वसुन्धरा भुसाल, रमेश बुढाथोकी, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, सुवर्ण थापा, सञ्जोग रसाइली, प्रवेश क्षेत्री र शारदा सिलवाललगायत कलाकारको अभिनय रहेको छ।

मोती कार्की कार्यकारी निर्माता रहेको चलचित्रको छायाङ्कन निशाल पौडेलले गरेका हुन् । चलचित्रलाई काठमाडौं उपत्यकाबाहिर कुबेर सिने डिस्ट्रिब्युसन र उपत्यकामा डिसीएनले वितरण गर्ने जनाइएको छ।

मलेसिया पठाउने व्यवसायी असन्तुष्ट

दमक/ मलेसिया रोजगारीसँग सम्बन्धित समस्या समाधानका लागि सरकारीस्तरमा कूटनीतिक प्रयास भइरहेका बेला वैदेशिक रोजगार विभागले आफूहरूमाथि अनावश्यक दबाब बढाएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले असन्तुष्टि जनाएका छन् ।

मलेसियाको 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्ल्यूसीएमएस) मा छनोट भएका २५ मुख्य र २५० एसोसिएट म्यानपावर कम्पनीलाई सूचीबाट आफ्नो नाम हटाउन विभागले इमेलमार्फत निर्देशन दिएपछि विवाद थप चर्किएको हो ।

व्यवसायीहरूले यसअघि नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा यस विषयमा स्पष्टीकरण बुझाइसकेको अवस्थामा विभागले एकोहोरो रूपमा दबाब दिने रणनीति अपनाएको आरोप लगाएका छन् । दुई देशबीच कूटनीतिक तथा राजनीतिक तहमा संवाद जारी रहेका बेला विभागले चालेको कदमको वस्तुगत तथा कानुनी आधारबारे समेत उनीहरूले प्रश्न उठाएका छन् ।

जीवन शैली

यी फलको बियाँ बहुउपयोगी

कति फलका बियाँखानमा प्रयोग हुँदैन। फल खान्छौ, बियाँ खादैनौ । केहि यस्ता फल छन्, जसको बियाँ निकै उपयोगी हुन्छ, खासगरी स्वास्थ्यका दृष्टिले । जस्तो स्याउको कुरा गरौ, वा फर्सीको । मेवाको कुरा गरौ वा अनारको, बियाँको आफ्नै औषधिय गुण छ ।

मधुमेह नियन्त्रण गर्ने फर्सीको बियाँ

मुखमा घाँउ, खटिरा आउँदा होस् वा मुख नमिठो हुदाँ फर्सीको विउँ सेवन गर्न सल्लाह दिइन्थ्यो । औषधीको रुपमा निकै उपयोगी फर्सीको विउँ ग्याष्ट्रिक, मधुमेह लगायतका रोगमा निकै उपयोगी मानिन्छ। यसमा कयौ गुणहरु लुकेका छन्, जसले पेटदेखि मुटु रोगसम्म निको पार्ने क्षमता राख्छ । तर यसको लागि फर्सीको विउको सही तरीकाले उपयोग गर्नु जरुरी छ ।

कलेजो बचाउने मेवाको बियाँ

मेवा स्वादिलो लागेपनि बियाँमा हाम्रो जिब्रो अभ्यस्त छैन । धेरैले मेवाको बियाँ खाँदैनन् । यद्यपी यो औषधिय गुणले भरिपूर्ण हुन्छ । खासगरी मेवाको वियाँ कलेजोको समस्यामा लाभदायक हुन्छ ।

मेवाको वियाँमा पापिन नामको तत्व हुन्छ, जसले पाचन प्रणालीलाई सहयोग गर्छ । आन्द्रामा भएका किरा मारिदिन्छ । मृगौलालाई स्वस्थ्य राख्न पनि सहयोगी हुन्छ । यो प्राकृतिक गर्भनिरोधक पनि हो । यसले शरीरमा हुने कतिपय क्यान्सरका कोशिकालाई बढ्न दिदैन । यद्यपी दुध चुसाउने आमा र बालबालिकालाई भने बियाँ खुवाउनु हुँदैन ।

टाउको दुखाईलाई सामान्य रुपमा लिन नहुने

एजेन्सी/ टाउको दुखाईबाट धेरै जना पीडित हुने गर्छन् । चिन्ता, कामको चाप तथा विभिन्न वाह्य कारणले टाउको दुखाई हुने गर्छ । जसले हाम्रो दैनिक जीवनयापनमा नराम्रो असर पारिहेको हुन्छ । टाउको शरीरको संवेदनशील अंग हो । त्यसैले टाउको दुखाईलाई सामान्य रुपमा लिन नहुने डाक्टरहरु बताउँछन् ।

सामान्यतया: मानिसहरु टाउको दुख्ने वित्तिकै 'पेन किलर' खाने गर्छन् । सामान्य दुखाईमा नै 'एन्टिवायोटिक'को प्रयोग गर्दा यसको 'साइड इफेक्ट' हुने र यसले विस्तारै गम्भीर असर देखाउने गर्छ । त्यसैले टाउको दुखाईबाट घरमै आराम पाउन हामी सामान्य उपचार गर्न सक्छौ जसले केहि क्षणमा नै राहत प्रदान गर्छ ।

तेलले मसाज गर्नुस्

यदि तपाईलाई बारम्बार टाउको दुखिरहन्छ भने तपाईले तेलले मसाज गर्न सक्नुहुन्छ । कपालको जरामा तेल लगाएर हल्का मसाज गर्ने गर्दा बारम्बार हुने टाउको दुखाईको समस्याबाट छुटकारा मिल्छ । यसका साथै नरिवल र बदामको तेल मिसाएर मालिस गर्दा पनि फाइदा मिल्छ । पिपरमेन्ट र युकेलिप्टसको तेल पनि टाउको दुखाईको लागि राम्रो औषधिको रुपमा लिइन्छ ।

गाईको दूध

टाउको दुख्ने समस्या दोहोरिरहन्छ र औषधिले पनि काम गरिरहेको छैन भने हरेक दिन गाईको मन तातो दूध पिउँने गर्नुस् तपाईंको टाउकोको समस्या विस्तारै कम हुँदै जान्छ । त्यस्तै ल्वाङमा नुन मिसाएर चुर्ण बनाउने र टाउको दुखेको समयमा उक्त चुर्ण र गाईको काँचो दूध टाउको मा लगाउँदा पनि टाउको दुखाई तुरुन्तै कम हुन्छ ।

पानी

हल्का टाउको दुख्दा एक गिलास पानी पिउँन सकिन्छ । आधा गिलास तातो पानीमा कागतीको रस हालेर पिउँदा टाउको दुख्न कम हुँदै जान्छ ।

धनियाँ र चिनी

ज्वरो वा रुघाखोकीको कारण टाउको दुखेको हो भने धनियाँको पाउडर र चिनी मिसाएर झोल पिउँदा आराम मिल्छ ।

कफि

कफिमा पाइने क्याफिनले दुखाई कम गराउँछ । जसले पेन किलरको काम पनि गर्छ । यसको प्रयोग माइग्रेन र टाउको दुख्ने रोगका विरामीको लागि फाइदाजनक मानिन्छ ।

अदुवाको चिया

अदुवा हालेर बनाएको चिया पिउँदा पनि टाउको दुखाई कम हुने गर्छ । अदुवामा एन्टी(इन्फ्लेमेटरी भन्ने तत्व हुने भएकाले त्यसले दुखाईलाई कम गराउँन मद्दत गर्छ । यसले तनाव, माइग्रेन जस्ता समस्यालाई भगाउँन सहयोग गर्छ ।

प्रेरक भनाई

१, सही आनन्द त्यतिबेला पाइन्छ, जतिबेला आफ्नो सबै शक्तिलाई न्याय र विवेकपूर्ण कार्यमा लगाउन सकिएको हुन्छ । अन्यथा आनन्द प्राप्तिको चाहना दिवास्वप्न बाहेक केही हुँदैन । **- नीति वचन**

२, जसमा जानेको छु भन्ने घमन्ड छ उसले केही जानेकै हुँदैन तर जसले जानेको छैन भन्ने गरेको छ उसले भने जानेको हुन्छ(उपनिषद् दर्शन

३, संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन् । अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौं । **शेक्सपियर**

४, जसले प्रतिकुल परिस्थितिमा शत्रुलाई पनि सम्मान गर्न जानेको छ, सकेको छ, सिकेको छ उसैको जीवन सार्थक हुन्छ । **महर्षि वेदव्यास**

५, विनम्रता नै सबै गुणको आधारशिला हो । यसैबाट अन्य गुणको विकास हुने गर्छ । त्यसैले ज्ञानी र गुणी हुन चाहनेले पहिले विनम्र हुन जान्नुपर्छ । **चिनियाँ दार्शनिक कन्फ्युसियस**

६, सही सुन्दरता भनेको मनको सुन्दरता हो, जुन टिकाउ हुन्छ । त्यस्तै जवानीको सुन्दरता भनेको फूलेको फूल जस्तो हो, जुन कति बेला ओइलाउँछ पत्तै हुँदैन । **आचार्य भर्तृहरि**

७, गङ्गामा डुबुल्की मार्दैमा धर्म हुने भए दुनियाँमा माछा र भ्यौता जति धार्मिक कोही हुने थिएनन् । **गरूडपुराण, सारोद्धार**

८, शरीरमा खरानी घस्दैमा सन्यासी हुने भए कुकुर, सुङ्गुर र गधा जति सच्चा सन्यासी कोही हुने थिएनन् । **गरूडपुराण सारोद्धार**

आज मिति
२०८३ साल
असोज १८ गते
आइतबार
04 Sept. 2026
तिथि: नवमी श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	आयमा कमी । अनावश्यक भ्रमण ।
वृष	इ उ ए ओ वा वि वु वे वो	व्यवसायबाट सामान्य लाभ । आफन्तसँग विवाद ।
मिथुन	का कि कु घ ङ छ के को हा	शुभ कममा मन लाग्ने । पिताजीबाट सहयोग ।
कर्कट	हि हु हे हो डा डि डु डे डो	राज्य पक्षसँग विवाद । खर्चमा बृद्धि ।
सिंह	मा मि मु मे मो टा टि टु टे	शरीरमा समस्या । अकस्मात केही धन लाभ ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	विपरित लिंगीबाट सहयोग । रोजगारीको अवसर ।
तुला	रा री रु रे रो ता ती तु ते	शत्रु परास्त । मावलीबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	सन्तानसँग सामान्य विवाद । कार्यमा रोकावट ।
धनु	य यो भा भी भ धा फा ढ भे	मित्रबाट अपजस । व्यापारबाट लाभ ।
मकर	भो जा जी खि खू खे खो गा गी	पराक्रम बढ्ने । भाईबैनीको सहायोग ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	पढाईमा समस्या । आम्दानी कम हुने ।
मीन	दि दु थ झ ञ दे दो चा ची	पारिवारिक संकट । आफन्तको सहयोग ।

अस्पतालका उत्कृष्ट कर्मचारी पुरस्कृत

बिर्तामोड । पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेडले मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पतालमा कार्यरत सेवा प्रवाहमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत गरेको छ । सहकारीको बिर्तामोड-५ स्थित अस्पतालको मातृ संस्थाका रूपमा रहेको सहकारीको १४औँ वार्षिक साधारण सभाका अवसरमा विभिन्न विभागमा कार्यरत कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो । जिम्मेवारी निष्ठापूर्वक निर्वाह गर्दै संस्थाको सेवा प्रवाहमा योगदान पुऱ्याएको भन्दै कर्मचारीहरूलाई सम्मान गरिएको सहकारीले जनाएको छ ।

पुरस्कृत हुनेहरूमा लेखा अधिकृत दिपा बास्कोटा, ल्याब टेक्निसियन लक्ष्मी घिमिरे, गाइने वार्डकी अनमी शुभला चौहान र आइसियुकी सिनियर स्टाफ नर्स निशा ढकाल रहेका छन् । त्यसैगरी पेडियाट्रिक वार्डकी स्टाफ नर्स हिना यादव, सर्जिकल वार्डकी स्टाफ नर्स रिना पाहिम, अर्थो वार्डकी स्टाफ नर्स यमुना बसुमतारी मेचे, कार्यालय सहयोगी ओमप्रसाद रेग्मी, सवारी चालक उमेश रिजाल, सुरक्षा गार्ड भीमबहादुर सुनुवार र सरसफाइकर्मी लक्ष्मण मगरलाई पनि पुरस्कृत गरिएको छ ।

संस्थाले सम्मानित तथा पुरस्कृत सबै कर्मचारीलाई बधाई दिँदै आगामी दिनमा थप सफलताका लागि शुभकामना व्यक्त गरेको छ ।

सहकारीका अध्यक्ष नरेश खरेलको अध्यक्षतामा सम्पन्न साधारण सभाको सञ्चालन सदस्य सचिव रोमनी भट्टराईले गरेका थिए । सभामा संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै शेयर सदस्य, अतिथि तथा शुभेच्छुकप्रति आभार व्यक्त गरिएको थियो । यसैबीच, साधारण सभाले मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पतालको नयाँ भवन तथा मनमोहन मेमोरियल पूर्वाञ्चल कलेजको छात्रावास निर्माण गर्ने प्रस्तावसमेत स्वीकृत गरेको छ । प्रस्ताव पारित भएसँगै दुवै पूर्वाधार निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने बाटो खुलेको सहकारीका कोषाध्यक्ष बुद्धिराम भट्टराईले जानकारी दिए ।

डेढ महिनामा दुईसयले लिए सेवा

ताप्लेजुङ/ ताप्लेजुङको तेल्लोकमा इलाका प्रशासन कार्यालय स्थापना भएको डेढ महिना नपुग्दै झण्डै दुई सय जना नागरिकले सेवा लिएका छन् । सिरिजंगा गाउँपालिका(४ तेल्लोकमा कार्यालय स्थापना भएको ४३ औँ दिनसम्म आइपुग्दा एक सय ९४ जना नागरिकले सेवा लिएका हुन् ।

गएको भदौ ५ गतेबाट सेवा प्रारम्भ गरेको छोटो अवधिमै उक्त संख्यामा स्थानीयले सेवा लिएको कार्यालय प्रमुख श्यामलाल पन्थीले बताए । उनका अनुसार १ सय १८ जनाले नयाँ नागरिकता लिएका छन् भने ७१ जनालाई नागरिकताको प्रतिलिपि प्रदान गरिएको छ ।

त्यस्तै, ४ जनाको आदिवासी जनजाति सिफारिस र एउटा नाबालिका परिचय पत्र प्रदान गरिएको कार्यालय प्रमुख पन्थीको भनाइ छ । कार्यालयका अनुसार १७ जनाको नागरिकता प्रदानको प्रक्रियामा रहेको छ । सर्जिनिम लगायतका सिफारिसका कागजात अपुग भएका कारण प्रक्रियामा रहेको कार्यालय प्रमुख पन्थीले जानकारी दिए ।

अप्टिकल फाइबर जडानका लागि दुरसञ्चार कार्यालय इलामलाई पत्राचार गरिएको सिरिजङ्गा गाउँपालिकाका अध्यक्ष लालकृष्ण चौहानले बताए ।

उक्त दुरसञ्चार कार्यालय इलामले भने दशैं अगावै सम्पूर्ण जडानको कार्य सम्पन्न गर्ने गरि तयारी भइरहेको इलामका कार्यालय प्रमुख सुनील सिंहले जानकारी दिएका छन् । पहाडी क्षेत्रमा भूगोलका कारण अपेक्षाकृत हिसाबले कार्य सम्पादन गर्न सहज नभएकाले केही समय ढिलाई भएको प्रमुख सिंहको भनाइ छ ।

समानान्तर अभ्यास.........

सिर्जना गरेको छ । यसको ठीक विपरीत, देउवा पक्षले भने विधानको परम्परागत व्यवस्थालाई निरन्तरता दिँदै केन्द्रीय पदाधिकारी तथा सदस्यहरु वडाबाट चुनिन नपर्ने र स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था कायम राखेको छ । यद्यपि, देउवा समूहले १८ देखि २८ वर्षसम्मका युवा र महिलाहरूलाई वडा तहदेखि नै नेतृत्वमा अनिवार्य समेट्ने केही आकर्षक प्रावधानहरु पनि अघि सार्दै आफ्नो आधार बलियो बनाउने रणनीतिक प्रयास गरेको छ ।

पूर्वसभापति शेरबहादुर देउवाले पार्टीभित्रको मतभेदलाई महाधिवेशनमार्फत् समाधान गर्ने र लोकतान्त्रिक गणतन्त्र तथा विधिको शासनलाई बलियो बनाउन सबैलाई एकजुट हुन अपिल गरे तापनि, शीर्ष नेतृत्वबीचको व्यक्तिगत अहम् र जिद्दीपनले कांग्रेसको राजनीतिक साखलाई धुमिल बनाउँदै लगेको छ । गत पुसमा भएको भनिएको विशेष महाधिवेशनदेखि नै सुरू भएको यो दूरी १५औँ महाधिवेशन आइपुग्दा पूर्ण रूपमा दुई किनारमा उभिएको छ । दुवै पक्षले आ-आफ्ना अडान नछोड्दा कांग्रेसभित्र वैधानिकता, अधिकार र आधिकारिकताको लडाइँ सतहमा आएको छ, जसले गर्दा पार्टीभित्र वैचारिक स्पष्टताभन्दा पनि गुटगत वर्चस्व स्थापना गर्ने दौड तीव्र भएको छ ।

समग्रमा हेर्दा, नेपाली कांग्रेसको यो १५औँ महाधिवेशन केवल नेतृत्व फेर्ने सामान्य प्रशासनिक प्रक्रिया मात्र नभई पार्टीको वैचारिक निष्ठा, लोकतान्त्रिक चरित्र र आन्तरिक एकताको कडा परीक्षण बनेको छ ।

यदि पार्टीका शीर्ष नेतृत्वले व्यक्तिगत महत्वाकांक्षा र अहम् त्यागेर समयमै अर्थपूर्ण संवादको ढोका खोल्न सकेनन् भने, यसले इतिहास बोकेको यो लोकतान्त्रिक पार्टीलाई दीर्घकालीन रूपमा गम्भीर क्षतितर्फ धकेल्ने निश्चितप्रायः छ । तसर्थ, तल्लो तहका कार्यकर्ता र आम मतदाताको भावनालाई कदर गर्दै समग्र कांग्रेसलाई एकताबद्ध र बलियो बनाउनु नै आजको काँग्रेसभित्र खड्किएको विषय हो ।

महामन्त्रीका आकांक्षीको लर्को

दमक । नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा महामन्त्री पदका आकांक्षीको संख्या झण्डै एक दर्जन पुगेको छ । विधानअनुसार दुई महामन्त्रीका लागि वर्तमान पदाधिकारी, सहमहामन्त्री, केन्द्रीय सदस्य तथा प्रदेश तहका नेताहरूले दाबी प्रस्तुत गरिरहेका छन् ।

विशेष महाधिवेशनबाट महामन्त्री बनेका प्रदीप पौडेल र गुरूराज घिमिरे पुनः सोही पदमा प्रतिस्पर्धाको तयारीमा छन् । उनीहरूसँगै उदयशम्शेर राणा, देवराज चालिसे, जीवन परियार, नैनसिंह महर, रामहरि खतिवडा, मधु आचार्य, आङ्गेलु शेर्पा, अमरसिंह पुन, डिला संग्रौला, प्रकाश रसाइली 'स्नेही', डा. सुनिल शर्मा र रञ्जित कर्णलगायतका नेताको नाम आकांक्षीका रूपमा चर्चामा छ । पौडेल र घिमिरेले औपचारिक घोषणा नगरे पनि आन्तरिक तयारी अघि बढाएका छन् । यसबीच नैनसिंह महर, अमरसिंह पुन र डा. सुनिल शर्माले उम्मेदवारी सार्वजनिक गरिसकेका छन् । महर जिल्ला दौडाहामा छन् भने पुनले पनि संगठनभित्र छलफल तीव्र बनाएका छन् । शर्माले सानेपामा पत्रकार सम्मेलन गरी उम्मेदवारी घोषणा गरेका छन् ।

आकांक्षी बढेसँगै पदाधिकारीको संख्या थपेर व्यवस्थापन गर्ने विषयसमेत कांग्रेसभित्र छलफलमा आएको छ । विधान संशोधनका लागि मस्यौदा समिति गठन भए पनि थपिने पदाधिकारीको संख्या टुंगिएको छैन । हाल कांग्रेसमा सभापति एक, उपसभापति दुई र महामन्त्री दुई जना छन् । सहमहामन्त्रीको संख्या पनि बढाइएको छ । महामन्त्रीसँगै उपसभापति र सहमहामन्त्रीमा समेत दाबी बढेकाले १५औँ महाधिवेशनमा नेतृत्व चयनसँगै पदाधिकारी संरचना र आकांक्षी व्यवस्थापन प्रमुख चुनौतिको विषय बनेको छ ।

मेकाडेमिया....

सतहबाट करिब १०० मिटरदेखि एक हजार ८०० मिटरसम्मको उचाइमा मेकाडेमिया नट खेती गर्न सकिने थापाले बताए । भोजपुरको भौगोलिक अवस्था र हावापानीका कारण विभिन्न क्षेत्रमा यसको खेती विस्तार गर्न सकिने सम्भावना रहेको उनको भनाइ छ ।

मेकाडेमिया नट किसानका लागि राम्रो आम्दानीको स्रोत बन्न सक्ने देखिएपछि यसको खेती विस्तारमा जोड दिइएको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । गाउँपालिकाले किसानलाई नमुनाका रूपमा गत वर्ष ४०० बोट बिरूवा निःशुल्क वितरण गरेको उनले जानकारी दिए ।

किसानबाट माग आएमा यस वर्ष पनि मेकाडेमिया नटको बिरूवा वितरण गर्ने योजना रहेको अध्यक्ष बस्नेतले बताए । अन्तर्राष्ट्रिय बजारमा 'ड्राइ फ्रुट'का रूपमा यसको माग रहेकाले यसको व्यावसायिक सम्भावना राम्रो रहेको उनको भनाइ छ ।

एक लाख....

गाउँपालिकामा ७६.१, कचनकवलमा ७५.१, कनकाईमा ७४.६, बिर्तामोडमा ७४.१, मेचीनगरमा ७२.८ र बुद्धशान्तिमा ७१.८ प्रतिशतले खोप लगाएका छन् ।

गौरादहमा ७०.२ प्रतिशत, दमकमा ६८.२, अर्जुनधारामा ६७.२ र शिवसताक्षीमा ६३.९ प्रतिशतले खोप लगाएका छन् । सबैभन्दा कम भद्रपुरमा ५३ प्रतिशतले मात्रै खोप लगाएका छन् । भद्रपुरका ३४ हजार ६ सय ८० लक्षित जनसंख्यामध्ये १८ हजार ३ सय ७३ जनाले खोप लगाएका छन् ।

संख्याका आधारमा भने मेचीनगरमा सबैभन्दा धेरै ४६ हजार ७ सय ५० जनाले खोप लगाएका छन् । बिर्तामोडमा ४४ हजार २ सय ६२ र दमकमा ३७ हजार ७ सय ३६ जनाले खोप लिएका छन् ।

खोप लगाउनेमध्ये महिलाको संख्या पुरूषको भन्दा बढी छ । कुल खोप लगाउनेमध्ये करिब ५७ प्रतिशत महिला र ४३ प्रतिशत पुरूष छन् । अभियानमा खोप लगाएका ३ लाख ४६ हजार ७ सय ७७ जनामध्ये १ लाख ९७ हजार ९० जना महिला र १ लाख ४९ हजार ६ सय ८७ जना पुरूष छन् ।

३० देखि ६० वर्ष उमेर समूहमा महिलाको सहभागिता अझ बढी देखिएको छ । यस उमेर समूहमा १ लाख ५३ हजार ७ सय ४४ महिला र १ लाख ८ हजार २ सय १९ पुरूषले खोप लगाएका छन् । ६० वर्षभन्दा माथिका ४३ हजार ३ सय ४६ महिला र ४१ हजार ४ सय ६८ पुरूषले खोप लिएका छन् ।

अभियानमा खोप लगाउनेमध्ये करिब तीन चौथाइ ३० देखि ६० वर्ष उमेर समूहका छन् । यो उमेर समूहका मात्रै २ लाख ६१ हजार ९ सय ६३ जनाले खोप लगाएका छन् । नेपालमा जेईविरूद्धको खोप सन् १९९९ देखि प्रयोगमा आएको हो । २० वर्षअघि नै एक वर्षमुनिका बालबालिकालाई नियमित रूपमा यो खोप दिइँदै आएको छ ।

अन्तर्राष्ट्रिय

कंगोमा इबोला सङ्क्रमणबाट ४ हजार बढीको मृत्यु

एजेन्सी/ लोकतान्त्रिक गणतन्त्र कंगोमा फैलिएको इबोला संक्रमण केही क्षेत्रमा नियन्त्रणतर्फ उन्मुख भएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । पछिल्ला केही सातायता केही स्वास्थ्य क्षेत्रमा नयाँ संक्रमित फेला नपरेको उनीहरूले जनाएका छन् ।

सरकारले सार्वजनिक गरिएको विवरणअनुसार सात प्रान्तका ६३ स्वास्थ्य क्षेत्रमा फैलिएको संक्रमणबाट हालसम्म आठ हजार तीन सय जनामा संक्रमण पुष्टि भएको छ । तीमध्ये चार हजार १८ जनाको मृत्यु भएको छ भने दुई हजार १६२ जना उपचारपछि निको भएका छन् । संक्रमितमध्ये मृत्यु हुनेको दर ४८ दशमलव ४ प्रतिशत रहेको छ ।

प्रकोप सुरू भएयता संक्रमण देखिएका ६३ स्वास्थ्य क्षेत्रमध्ये १२ क्षेत्रमा पछिल्ला ४२ दिनदेखि नयाँ संक्रमित फेला परेका छैनन् । मन्त्री काम्बाका अनुसार संक्रमणको अवस्था क्षेत्रअनुसार फरक भए पनि पछिल्लो समय नयाँ संक्रमित फेला पर्ने स्वास्थ्य क्षेत्रको संख्या क्रमशः घट्दै गएको छ । उनले एआईको विकास र नियमनका लागि दुई देशबिच सहकार्य आवश्यक रहेको बताएका थिए ।

अमेरिका र चीनबिच एआई संवादको प्रारम्भिक ढाँचा तयार गर्न यसअघि न्यूयोर्कमा बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लाइफेङबिच वार्ता भएको थियो । त्यस वार्तामा राष्ट्रिय सुरक्षा, पारदर्शिता र एआईसँग सम्बन्धित गम्भीर घटनाबारे सूचना आदान-प्रदान गर्ने विषय उठेको थियो ।

यसैबिच ट्रम्पले हालै 'आर्टिफिसियल इन्टेलिजेन्स' -एआई) लाई 'सुपर इन्टेलिजेन्स' -एसआई) भन्न थालेका छन् । संयुक्त राष्ट्रसंघ महासभामा सम्बोधनका क्रममा उनले अमेरिकी सरकारी दस्तावेजमा एआईको सट्टा 'सुपर इन्टेलिजेन्स' प्रयोग गर्ने निर्देशन दिएको बताएका थिए । सीसँगको भेटअघि ट्रम्पले 'सुपर इन्टेलिजेन्स' वार्ताको प्रमुख विषय हुने बताएका थिए । दुई नेताबिचको भेटमा भने एआईको विकास र सुरक्षा दुवै पक्षको चासोका विषय बनेका थिए ।

पूर्वी... आयोजनाअन्तर्गत अधिकांश साना कल्भर्टको काम सम्पन्न भइसकेको छ भने बाँकी सडक स्तरोन्नति, पुल तथा ओभरपास निर्माणलाई एकैसाथ अघि बढाइएको छ । पूर्वी खण्डमा चारआली चोक, बिर्तामोड र चारपानेमा मोटरेबल ओभरपास निर्माण गर्ने योजना छ । चारआलीको जंगल क्षेत्रमा हात्तीका लागि अन्डरपास तथा पैदलयात्रीका लागि छ वटा क्रसिङ निर्माण हुनेछन् ।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक निर्माण तथा स्तरोन्नति जारी छ । पूर्वी खण्डअन्तर्गत ४५ किलोमिटर काँकरभिट्टा-सितापुरी स्तरोन्नतिका लागि रू १० अर्ब छ करोड ९४ लाख लागतमा ठेक्का सम्झौता भएको छ ।

मौसमी हाँस्य - व्यंग्य

आज फेरि ऐंसेलु झागेको वाक्क लाग्ने गनगन, थैट !

-: व्यंग्यनारान पाँडे :-

"हओ पाँडेजी, बाइर-बाइर सुनेको मैले कि अन्तखेरी क्या - यी बालिन सा' र रभि लाम्छ्यानेको पोल्टिकल हन्जाले त यो एत्रो तीन कडोर जन्सङ्ख्ये भ'को देश चलाउन सक्तैनन् भन्ने नि'कर्स निस्को अरे त हओ ? यो कुरो अच्कल हामेरका 'कम्तीमा जम्मै' र पर्चन्न कम्रेटका पनि कोइकुछ कम्रेट अनित्याँड वारिपारिकै मधेस छेत्रका काम्रेटहर्ले समाझिक सन्झालहेरूमा छ्याप्छ्याप्ती पोस्ट्या'को देखिराख्या छु मैले ! हओ, हुन पनि कुरो अन्करेक् नहोला भन्छु क्या म । र, अब हामेरको पालो त आयो जस्तो अन्नेज गर्न पो थालें लु मैले चइँ ।"- भन्दै आएको ऐंसेलु झाँगेले बार्दलीमा उक्लेपछि एउटा कुर्सी समाएर बस्न लाग्दालाग्दै थप्यो -" साँची अस्ति कुन एकारातीको बार-तेर बजीको ट्याममा साख्खै हामेरका भूतपूर्वक पर्दान न्याइढीस चोल्यान्द्र राणालाई एरेस गरेछन् क्या बालिन सा'का प्रीहर्ले । तपइँलाई था भो कि था पा'का छइनऊ ?"

पाँडेले स्वाभाविक भावमा भन्यो -"थाहा भयो नि, किन नहुनु ? हिजोआज काठमाडौंको त्रिभुवन एयरपोर्टमा केही ग्राम हेरोइन पक्रेको समाचार भएन भने रेडियो-टिभी विचराहरूको छाक नपुग्ने समय छ भने उत्रो ठूलो मान्छे पक्रेको समाचार ...."

उसले पाँडेलाई उछिन्दै भन्यो -" ए तेसो भा, मैले मेरो यो अैलेको डौडधुपको ब्यास्ततामा बिज्जी भ'का कारन तो घटनाको एउडा उधुमै इन्पोरट्यान टपिक् किल्लेरसील बुद्न नपा'को थैं कि अन्तखेरी नि ?"

पाँडेको पेटमा भोटेकोशी-बाढी जतिकै हन्हुनाएको हाँसो पेटैमा नियन्त्रण गर्दै छोटोमा सोध्यो-" के कुरा ?"

उसले फेरि तुरुन्तै सोध्यो- "रासोपाका अदच्छे क्या त रभि लाम्छ्याने ? हो उनलाई पोरप्रार उन्को निजा घरमा उसरी नै निदाइराख्या बेला, मद्दे रातीको ट्याममा, ओछेनबडै उठा'र पक्रेका थे । तो हिस्टोरी पनि था होला नि तपइँलाई ?"

पाँडेले भन्यो -" थाहा छ । दुनियाँ-संसारलाई थाहा भएको कुरो मलाई थाहा नहुने के कुरा छ र ?"

उसले प्रश्न खाप्यो -" तेसो भादेखुन्, तेसरी दलबलसइत पुगेको गिर्येमन्त्रीको आदेशमा प्रीका डेस्पीले रभि लाम्छ्यानेलाई पक्रिरँदा 'तपइँको अन्तिम इक्छा के छ ?' भन्-र फाँसी दिन लागेको अप्रादीलाई पोडेले सोदे भ्याइँ 'अन्तिम इक्छा' सोदेको डाइलोक पनि था होला नि ?"

पाँडेले दिक्क मान्दै भन्यो-"सुनेको हुँ ।...हन कि तिमी बिहारी पुलिसले पाकेटमारको बयान लिए जस्तो बयान किन लिँदैछौ हँ ? के जान्न खोजेको त्यो सोध न !"

उसले पाँडेको अनुहारतिर हेरेपछि, के अज्मायो कोनि, अलिक धकाए जस्तो भयो र घाँटी बजाएर थुक निलेपछि भन्यो -"तपइँ पनि बेहारतिर पागिट मार्न गका थेउ र तेताको पुलिसको बइनको अनुभौउ चाखे जस्तो कुरो चइँ नगर न !...था छैन भने छैन भन, कुरै फिनिस्टिन्छ क्यारे । होइन भने मैले धाएर आफै तपइँकाँ आइदेर एक्दोडा कुरा पनि सोद्न नपाउनु यो लो'तन्त्रको कन्टोलको ट्याममा ?"

त्यसका गाला पढ्काएर तोरीको फूल देखाउँदै खेद्ने झ्वाँक चलेको थियो पाँडेलाई, तर संयमित हुँदै भन्यो -"कुरो दशतिर नबटार न त ! के जान्न चाहेको त्यही चाहिँ सोध न त !"

उसले भन्यो -"अनि हामेरका चोल्यान्द्रलाई त पक्रिन गका प्री जथ्थाका कमान्डर सहेपले 'अन्तिम इक्छा के छ ?' भन्-र सोदेनछन् त ? खोइ तेस्तो इनफोरमिसिन मकाँ त आ'न त अन्तखेरी ?"

पाँडेले भन्यो -"कोनि त ?"

उसले भन्यो -"राती सुतेका ठामबड उठा'र हथ्खडी लाइसकेसि रभि लाम्छ्यानेलाई 'अन्तिम इक्छा' सोदेर अत्याउँदै खटरा गाडीमा कोचेर अनित्याँड खाल्डाङ र खुल्डुङ हल्लाउँदै हिना'र आर्कै जिल्लाको झ्यालखानमा थुन्न लग्ने प्रीलाई मानौ अदिकार आयोकका मान्छेले केइ नगर्नु ? र, अैले चोल्यान्द्र राणालाई आर्को टोलको ठानामा पुगा'र इजोतसात बार घण्ट मात्तै राख्ने प्रीलाई चइँ चिठ्ठी काटेर बइन लिनु भनेको कस्तो कुरो हो भन्ने ठ्याक्क चइँ अन्मान लाउँछौ तपइँ ?"

पाँडे एकछिन अल्मलियो र प्रश्न ठिकठिकै लागेकाले आफ्नै टाउको सेलाउँदै र हाँस्तै भन्यो -"त्यही त भनेको ? मानव अधिकार आयोगको नयाँ बिधि बनेको होला र त्यसमा 'ऐन सानालाई मात्र लाग्छ' भन्ने दफा थपिएको होला कि र त्यो दफा नाङ्गै देखाएर प्रयोग गर्न थालेको पो हो कि ?"

झाँगेले यस्ता कुराको गुदी के बुझोस् ! खिया लागेका दाँत ङिच्च देखाउँदै उल्टै भन्यो -"थुइया तपइँको बुद्दि ! अनि चोल्यान्द्र सम्सेर जङ्गबादुर राणा हामेरकै हन्जाका मान्छे पनि होइनन् त अनि ? 'कम्रेट' नै भन्न मात्तै नसकेका विचारा ! उनी राणा भका नाताले आर्जुको नातोले सेर्बादुर उनका ज्वाइँ-स्वाइँ वा भिनाजु-उनाजु केइ नातो परेको राणे-बाद्दताले एक्खेप हामेरका 'बा'-लाई सेकिन परेर सेर्बादुरलाई पर्दानमन्त्रीमा पुगाउनु परेको स्यानो नाथे गल्ती न गरेका हुन् उनले । त्यस्तो झिंगे गल्ती, तो पनि नातोको डोरोले नाकी लाग्दा भको गल्ती ! अब हेर्लाऊ न- बालिनहेरूलाई राणाशक्ति समेत ला'र सर्खारबड गेगाउटमा पारेसि फेरि हामेरका 'बा' पुनहँ 'मउसुप'-का मउसुपमै बढुवा हुने कुरा 'हामेरू-हामेरू'-को मुखबिरे सिन्निकेटको आँप चर्चोमा सिउरली नै भइसकेको छ र तेति भएसि चोल्यान्द्र राणा, पैला बिध्यादेबी भन्डार्नी जस्तरी नै, रास्पतिमा कति बर्खलाई ट्याप्पका ट्याप्प ! अनि तो भबिसेक देखेसि मानौ अदिकार आयोकका जागिरेले प्रीको बइन लिन नथाले आफ्नो खाइन्-पाइनको भभिसेक सुरच्छित हुन्छ त ? तपइँ त बरू 'अर्गज पत्रकार'-को साटिफिटिक बोकेर सेठ, मिल्वाला, फैक्टोरीवालाहेरूका भेटाघाटा-जम्घट खोद्दै तेस्ता पोरगामको आइटिम एलाउन्स गर्ने 'च्याम्पिन एलाउन्सरे' गर्नतिर लाग हओ पाँडेजी । तेस पेसोबड कति 'वीरे'-हेरू 'वीरबादुर' भइस्या छन् कति ! छ्याःकस्तो अल्छी मान्छे !... लु म हिने पनि । याँ दिमाख ख्याउनु त भालूलाई पुरान सुनाउनु जस्तै भो, उखुइ... ! बेकारको फोकट्या सेवा !... बरू जान्छु कैले बेहारीकैतिर र दिमाख सफा गर्ने जुलाफ-पानी टुइँक्क तान्छु ए'दुई गेलास ।... मच्छट पढ्केहेरू त दुर्भेसनी हुन्छन् कमसेकम मेरा रगतबड - दुन्याँले 'जेइ भ्यासिन'-को सुइया लाउनै नपर्ने, बोटै नाश-मच्छटै अन्भेलिट सालाहरू ! लु खा त !"....

अनि, यसरी यस्तो गनगन गर्दै ऊ गइरहेतिर हेर्दै पाँडेले मनमनमा भन्यो -"यो नेपाली धरतीमा यस्ता बोझ अरू कति होलान् कोनि ! एउटा बोझले सिङ्गै देशैलाई थिचेको थिचेकै छ ! उसैको आडका यी भुसुने जुम्रा पनि गाउँ-समाजका टोलहरू खपिसक्नै छैनन् ! थैट, वाक्क !!"...

प्रहरीको कपडा खरिदसम्बन्धी संसदीय अध्ययन समिति गठन

दमक/ गत फागुनमा सम्पन्न निर्वाचनमा भर्ना भएका निर्वाचन प्रहरीका लागि भएको कपडा खरिदका विषयमा संसद्को सार्वजनिक लेखा समितिले अध्ययन समिति गठन गरेको छ। रास्वपा सांसद मनीष झाको संयोजकत्वमा समिति गठन भएको हो ।

समितिमा सांसदहरू ऐन महर, योगेश गौचन थकाली, आरेन राई, खगेन्द्र सुनार, खुश्बु ओली, रमेशकुमार मल्ल, गणेश धिमाल र महेन्द्रबहादुर शाही सदस्य रहेका छन् ।

पोसाक खरिदमा अनियमितता भएको उजुरी परेपछि त्यसमा अध्ययन हुन लागेको हो । प्रहरीले भने सम्बन्धित निर्वाचन प्रहरीलाई पोसाक खरिदको पैसा नगद नै दिइएकोले यसमा कुनै अनियमितता नभएको दाबी गरेको छ ।

रास्वपाकै सांसद खगेन्द्र सुनारले खरिदमा अनियमितता भएको भन्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको राजीनामासमेत माग्दै आएका छन् । उनलाई पनि राखेर अध्ययन समिति गठन भएको हो ।

◆ प्रकाशक : कल्याणी दाहाल ◆ सम्पादक : गञ्ज बहादुर दाहाल ◆ लेआउट : सुरेन बस्नेत ◆ मुद्रण अमरज्योति अफसेट प्रेस, दमक-११,

◆ कार्यालय : दमक-५, एलम्बर चोक, ◆ सम्पर्क ०२३-५८०२७२
◆ इमेल : janajoytiweekly01@gmail.com